का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ असार २०८१,
सोमबार
8 July 2024,
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ई-पेपर हेर्न

वर्ष २२, अंक १४६ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com

## प्रतिपक्षको अभ्यास थाल्दै माओवादी

**भावना पाठक/मध्यान्ह**
काठमाडौं, २३ असार ।

प्रमुख प्रतिपक्षमा पुग्ने निश्चित भएसँगै नेकपा माओवादी केन्द्रका सांसदहरु संसदमा त्यसअनुसारको भूमिका देखाउने प्रयासमा उत्रिएका छन् ।माओवादी केन्द्र सरकारको नेतृत्वमा छ । तर, आइतबार प्रतिनिधि सभाको दृश्यले माओवादी केन्द्र प्रतिपक्षमा पुगिसकेको अभास हुन्थ्यो । बरु सरकारलाई दिएको समर्थन फिर्ता लिएर प्रतिपक्षमा बसेको नेकपा एमालेका सांसदहरु सरकारको नेतृत्वकर्ता दलको रुपमा प्रस्तुत भएको भान हुन्थ्यो ।

एमाले सांसदहरुले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड अल्पमतमा परिसकेपछि पनि सत्तामा बसिरहेको भन्दै आशंका गरे । अनि, सत्तारुढ माओवादी सांसदहरुले त्यसको प्रतिवाद गर्दै नयाँ गठबन्धनप्रति त्यस्तै आशंका गरे ।एमालेका प्रमुख सचेतक महेश बर्तौलाले प्रधानमन्त्री प्रचण्डको राजीनामा मागे । कांग्रेस र एमालेबीच नयाँ राष्ट्रिय सरकार निर्माण गर्ने सहमति भएको भन्दै उनले भने, 'नयाँ राष्ट्रिय सरकार निर्माणको यो एउटा अभियानलाई सहयोग गर्न मार्ग प्रशस्तका लागि सम्माननीय प्रधानमन्त्रीज्यूलाई हार्दिक अनुरोध गर्दछु ।'

माओवादीका सांसद लेखनाथ दाहालले जवाफ फर्काए, 'कसैले चाहँदैमा राजीनामा आउँदैन । तपाईंहरुको इच्छाले राजीनामा प्राप्त हुँदैन ।'संवैधानिक प्रावधान अनुसार सरकार अगाडि बढ्ने भन्दै उनले प्रधानमन्त्रीले विश्वासको मत लिने दिन असार २८ सम्म पर्खिन आग्रह समेत गरे ।एमालेका सांसद रघुजी पन्तले राजनीतिमा नैतिकता हुने भन्दै त्यसको ख्याल गर्न प्रधानमन्त्रीलाई सुझाव दिए ।

संविधानले विश्वासको मत लिन ३० दिन समय दिएको भए पनि प्रधानमन्त्रीले स्पष्ट रुपमा बहुमत गुमाएकाले भावी पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## सर्बियामा बन्धक बनाइएका ९ नेपालीको अवस्था अझै अज्ञात

**मध्यान्ह संवाददाता**
झापा, २३ असार

वैदेशिक रोजगारीका लागि सर्बिया पुऱ्याइ मानव तस्करले बन्धक बनाएका झापाका दुई युवा छुटे पनि अन्य ९ जनाको अवस्था अज्ञात रहेको छ । गत हप्ता बिर्तामोड-२ का ४५ वर्षीय आमाशु राजवंशी र २५ वर्षीय पशुपति राजवंशीसहित ११ जनालाई सर्बियामा बन्धक बनाइएको खबर सार्वजनिक भएको थियो । सर्बियाको जंगलमा बन्धक बनाएर परिवारजनलाई प्रतिव्यक्ति तीन लाख रुपैयाँ फिरौती रकम मागेको आफन्तले बताएका छन् ।



आमाशु र पशुपतिसँगै बाहदशी-५ का २९ वर्षीय दीपेश राजवंशी, शिवसताक्षी नगरपालिकाका बम राजवंशीलगायत ११ जनालाई बन्धक बनाइएको थियो । उनीहरुलाई काठमाडौंको एफएस वर्कर एजेन्सी प्रा.लि.का विज्ञान खनाल र झापा मेचीनगर इँटाभट्टाकी सपना राजवंशीमार्फत सर्बिया पठाइएको पीडित परिवारको भनाइ छ ।

खनालले आमाशुलाई रोमानिया पुऱ्याइदिने भन्दै झण्डै १४ महिना झुलाएपछि अहिले सरकारले टाइट गरेकाले रोमानिया पठाउन समस्या भएको र त्योभन्दा राम्रो साढे ५ सय युरो तलब र अन्य सुविधा हुने रोमानियाको छिमेकी देश पठाइदिने भन्दै सर्बिया पुऱ्याएको पीडितका परिवारले बताएका छन् । पृष्ठ २ मा

**विपद्मा जनता**

## एकै महिनामा ६२ जनाले गुमाए ज्यान

**बाढी, पहिरो, डुबानलगायतका प्राकृतिक प्रकोपले एक महिनामै ६२ जनाको मृत्यु भएको सरकारी तथ्यांक छ । तर सरकारले विपद् प्रभावितलाई उद्धार, राहत र व्यवस्थापनमा ध्यान दिन नसक्दा धनजनको क्षति बढी हुन पुगेको हो ।**



"प्रधानमन्त्री दबाबमा हुनुहुन्छ । सरकारले दैवी प्रकोपमा गर्नुपर्ने कामहरुमा त्यति ध्यान दिन सकिरहेको छैन । सक्ने पनि छैन । यो सरकार कतै टिकिहाल्छ कि भन्ने ध्यानमा उहाँ केन्द्रित हुनुहुन्छ ।

**राजेन्द्र बजगाईं**
**सांसद, नेपाली कांग्रेस**



**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ असार ।

पछिल्लो एक महिनामा बाढी, पहिरो, डुबान लगायतका प्राकृतिक प्रकोपले ६२ जनाको मृत्यु भएको पाइएको छ ।

गृह मन्त्रालयअन्तर्गत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका अनुसार मनसुन सुरु भएयता बाढी, पहिरो, चट्याङजस्ता मनसुनजन्य विपद्का कारण ६२ जनाको मृत्यु भएको हो ।

तर, सरकारले विपद् प्रभावितलाई उद्धार, राहत र व्यवस्थापनमा ध्यान दिन नसक्दा धनजनको क्षति बढी हुन पुगेको हो ।

राष्ट्रिय आपत्कालीन कार्य सञ्चालन केन्द्रका अनुसार एक महिनाको अवधिमा बाढीका कारण मोरङमा एक, दाङमा तीन, कैलालीमा एक, काभ्रेपलाञ्चोकमा दुई, उदयपुरमा एक, पाल्पामा एकगरी नौ जनाको मृत्यु भएको छ । बाढीकै कारण दुई जना बेपत्ता छन् ।

पहिराका कारण ३४ जनाले ज्यान गुमाएका छन् । पहिराले दुई जना बेपत्ता र ३८ जना घाइते भएको प्राधिकरणको तथ्यांकमा उल्लेख छ । पृष्ठ २ मा



# ५२ वटा रोग संक्रामकको सूचीमा

**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संक्रामक रोगको सूची तयार पारेको छ । सरकारले राजपत्रमा जनस्वास्थ्य सेवा ऐन २०७५ को दफा ४९ को उपदफा १ ले दिएको अधिकार प्रयोग गरी पहिलो पटक ५२ वटा रोगलाई संक्रामक रोगको सूची तयार पारेको हो ।



रेबिज, क्षयरोग, कोभिड-१९, डेंगु, जापनिज इन्सेफलाइटिस, हैजा, धनुष्टङकार, एचआईभी एड्स, इन्फ्लुएन्जा, जुनोटिक र सिजनल, स्क्रब टाइफस, म्यादे ज्वरो, कालाजार, रोटा भाइरस, हाडे, टोक्सोप्लाज्मोसिस, ट्रकोमा, इबोला भाइरसलाई संक्रामक रोगमा सूचीकृत गरिएको छ ।

यस्तै, हात्तीपाइले, साल्मोनेलोसिस, क्रिमियन काङगो हेमोरेजिक, मारबर्ग भाइरल डिजिज्, सार्स, कमलपित्त ए, एमईआरएस, प्लेग, लिजियोनेलोसिस, इचिनोकोकोसिस, भ्यागुते रोगलाई पनि संक्रामकको सूचीमा राखिएको छ ।

सरकारले निमोकोकल निमोनिया, कमलपित्त बी, औलो ज्वरो, एच इन्फ्लुएन्जा, ब्रिसेलोसिस, कुष्टरोग, लहरे खोकी, कमलपित्त सी, निपाह भाइरस इन्फेक्सन एमपक्स, बिफर, येल्लो फिवर, कमलपित्त इ, सिटिस्टसकोसिस, चिननगुनिया, जिका, क्यु फिवर, लासा फिवर र रिफ्ट भ्याली फिवरलाई संक्रामक रोग भनेको छ ।

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखामा कार्यरत डा. सागर दाहालका अनुसार ५२ वटालाई सरुवा रोग घोषणा गरेपछि अब यसको आधारमा रिपोर्ट र उपचार गर्ने व्यवस्था मिलाउन सहज हुन्छ । उनका अनुसार स्थानीय स्वास्थ्य संस्थामा ५२ मध्ये कुनै पनि रोग पत्ता लागेमा त्यसको जानकारी केन्द्र र प्रदेश सरकारलाई रिपोर्ट गर्नुपर्ने हुन्छ ।

# कुवेत लैजान भारत पुऱ्याइएका ६ महिलाको उद्धार

**भैरहवा/मस–** आकर्षक वैदेशिक रोजगारीको प्रलोभनमा कुवेत लैजान भारत पुऱ्याइएका ६ जना महिलालाई उद्धार गरी रूपन्देही प्रशासनले आफन्तको जिम्मा लगाएको छ । भारत हुँदै कुवेत पठाउने भन्दै लगिएका उनीहरूलाई सशस्त्र प्रहरीले भारतीय सुरक्षा बलको सहयोगमा उद्धार गरेको हो ।

दलालले उनीहरूलाई भारत लगेर अलपत्र पारेपछि उद्धार गरी ल्याइएको जिल्ला प्रशासन कार्यालय रूपन्देहीले जनाएको छ । उद्धार गरी ल्याइएकामा रूपन्देही, दाङ, चितवन र सिन्धुलीका महिला रहेको प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले जानकारी दिए । उद्धार गरी ल्याइएकाहरूलाई आफन्तको जिम्मा लगाइएको पनि अर्यालले जानकारी दिए । उनले कुवेत गएर मासिक नेपाली ४५ हजार रुपैयाँ कमाइ हुने काम लगाइदिने भनेर उनीहरूलाई लामो समय काठमाडौंमा राखेको र त्यसपछि रूपन्देहीबाट पैदल हिँडाएर भारत पुऱ्याइएको देखिएको बताए ।

# डोल्फु घटनाका लुटेराहरु सार्वजनिक पाँच जना अझै फरार




**प्रेमराज कार्की/मध्यान्ह**
मुगु, २३ असार

गाउँमा यार्सालगायत सामान लुट्ने समूहका तीन जनालाई हतियारसहित पक्राउ गरी सार्वजनिक गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय मुगुले आइतबार पत्रकार सम्मेलन गरी लुटपाटमा संलग्न तीन जनालाई सार्वजनिक गरेको हो । पक्राउ पर्नेमा जुम्लाको गुठीचौर गाउँपालिकाका-३ का आक्रोश पर्शे भनिने गणेश भण्डारी, सोही ठाउँका पूर्णप्रसाद भण्डारी र वडा न ४ का कमल थापा रहेका छन् ।

जुम्लाको पातारासी गाउँपालिका-३ महरीगाउँको चनेलेख नजिकको पाटनबाट हतियारसहित प्रहरीले छ जनालाई पक्राउ गरिएकामा प्रारम्भिक अनुसन्धानबाट तीन जनाको संलग्नता देखिएको प्रहरी नायब उपरीक्षक वीरेन्द्र थापाले पत्रकार सम्मेलनमा जानकारी दिए । घटनामा संलग्न अन्य पाँच जना अझै फरार रहेका र उनीहरूको खोजी भइरहेको उनले बताए ।

गत जेठ १४ गते कार्मारोङ गाउँपालिका-१ डोल्फु गाउँका स्थानीयहरू यार्सागुम्बा संकलन गर्न पाटनतिर गएको मौका छोपी आठ जनाको हतियारधारी समूहले गाउँमा लुटपाट गरेको थियो । लुटेरा समूहले गाउँका २४ घर र एक गुम्बाबाट ३५ तोला सुन, नौ सय ९४ तोलाभन्दा बढी चाँदी, बुद्धको मूर्ति, रिणिमोक्ष माइको मूर्ति, ९५ तोला मुगाको माला, यार्सा, मोबाइल र ५० लाख २५ हजार नगद लुटेको भनेर स्थानीयले प्रहरीमा उजुरी गरेका थिए ।

घटना भएको करिब एक महिनापछि लुटपाटमा संलग्न आठमध्ये तीन जनालाई पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक थापाले बताए । उनीहरूको साथबाट कट्टुवा पेस्तोल एक थान, एसएलआर एक थान, दुई थान म्यागिजन, २५ राउण्ड गोली, तीन थान ओकेटोके, एक थान बाइनाकुलर, पाँच सेट नेपाल आर्मीको ड्रेसलगायत सामान बरामद गरिएको छ । यस्तै, सुनको रिङ्ग दुई थान, सुनकै माडुली दुई थान (बिक्री गरेर पश्चात जुम्ला प्रहरीमार्फत बरामद गरेको छ ।

# प्रधानमन्त्रीसमक्ष 'फौजदारी न्याय प्रशासन सुधार अध्ययन प्रतिवेदन' प्रस्तुत



**काठमाडौं/मस–** प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'समक्ष 'फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव प्रतिवेदन, २०८१' प्रतिवेदन प्रस्तुत गरेको छ । महान्यायाधिवक्ता डा.दीनमणि पोखरेलको अध्यक्षतामा गठित 'फौजदारी न्याय प्रशासन सुधार अध्ययन तथा सुझाव कार्यदल'ले तयार पारेको प्रतिवेदन प्रधानमन्त्रीसमक्ष महान्यायाधिवक्ताले प्रस्तुत गरेका हुन् ।

प्रतिवेदन ग्रहण गर्दै प्रधानमन्त्रीले कानून सुधारका लागि कार्यदल गठन गरिएको स्मरण गर्दै प्राप्त सुझावलाई सरकारले गम्भीर रूपमा लिएर कार्यान्वयन गर्ने बताए ।

प्रतिवेदनमा मुलुकी अपराध संहिता, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ र फौजदारी कसुर सजाय निर्धारण तथा कार्यान्वयन ऐन, २०७४ लगायत विभिन्न विषयत फौजदारी कानूनमा गर्नुपर्ने सुधारका सम्बन्धमा सुझाव दिइएको छ ।

महान्यायाधिवक्ता पोखरलेले आफ्नो क्षेत्राधिकार प्रयोग गरेर फौजदारी, कार्यविधि, दण्डसजाय र संस्थागत सुधारका विषयमा कार्यदलले प्रतिवेदन तयार पारेको र त्यसले नीतिगत सुधारमा महत्त्वपूर्ण सहयोग गर्ने विश्वास व्यक्त गरे । वि.सं २०८० माघ १८ गते कार्यदल गठन गरिएको थियो ।

# कोशी प्रदेश लोकसेवा आयोगको अध्यक्षमा गुरागाईं

**मोरङ/मस–** कोशी प्रदेश लोकसेवा आयोगका अध्यक्षमा महेन्द्रप्रसाद गुरागाईंलाई नियुक्त गरिएको छ ।

प्रदेश प्रमुख परशुराम खापुङले प्रदेश लोकसेवा आयोग ऐन २०७६ को दफा ३ को उपदफा (२) बमोजिम गठित सिफारिस समितिको सिफारिसअनुसार आइतबार तेह्रथुमका गुरागाईंलाई अध्यक्ष नियुक्त गरेका थिए ।



उनलाई आइतबार नै विराटनगर उच्च अदालतका मुख्य न्यायाधीश रमेशप्रसाद राजभण्डारीले प्रदेश प्रमुखको कार्यालयमा पद तथा गोपनीयताको शपथग्रहण गराएका छन् ।

शपथग्रहण समारोहमा प्रदेश प्रमुख खापुङ, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, सभामुख अम्बरबहादुर विष्ट, प्रदेशका मन्त्रीहरू, सुरक्षा प्रमुख, प्रदेश लोकसेवा आयोगका सदस्य, विभिन्न मन्त्रालयका सचिवहरूलगायतको उपस्थिति रहेको थियो ।

# अपहरण मुद्दामा संलग्न दुई जना पक्राउ

**कास्की/मस–** अपहरण, शरीर बन्धक तथा जबरजस्ती करणी मुद्दामा संलग्न रहेको अभियोगमा २ जनालाई प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेहरूमा धनुषा क्षिरेश्वरनाथ गाउँपालिका-१० गोपालपुर घर भई कास्की पोखरा महानगरपालिका-११ रानी पौवा बस्ने २१ वर्षीय अरूण कुमार दास र भारत बिहार प्रदेश सितामणी डुमरा थाना सुरसड पक्ष्मी-१ सुरसड गाउँ घर भइ कास्की पोखरा महानगरपालिका-११ रानीपौवा बस्ने १९ वर्षीय सुनिल दास भन्ने सुनिल कुमार रहेका छन् ।

उनीहरूले असार १७ गते बिहान तनहुँ म्याग्दे गाउँपालिका-४ थर्पुबाट नाबालिकालाई ललाई फकाई ग.८ प ४२८० नम्बरको मोटरसाइकलमा राखी कास्की पोखरा महानगरपालिका-११ रानीपौवा स्थित उनीहरूको कोठामा बन्धक बनाई सामुहिक रूपमा जबरजस्ती करणी गरी पोखराबाट तनहुँ फर्किने क्रममा पोखरा महानगरपालिका-३० पावरहाउसबाट प्रहरीले दुवै जनालाई पक्राउ गरेको हो ।

उनीहरू उपर कास्की जिल्ला अदालतबाट अपहरण वा शरीर बन्धक तथा जबरजस्ती करणी सम्बन्धी मुद्दामा ८ दिन म्याद थप अनुमती लिइ यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

# उद्धार, राहत कार्यलाई प्रभावकारी बनाउन रास्वपाको माग

**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले बाढी, पहिरो, डुबान तथा प्राकृतिक प्रकोपका घटनाबाट प्रभावित नागरिकको खोजी, उद्धार, राहत र पुनःस्थापना कार्यलाई प्रभावकारी बनाउन सरकारसमक्ष माग गरेको छ ।

रास्वपाले विज्ञप्ति जारी गर्दै प्रकोप प्रभावित स्थानमा सरकारी संयन्त्रको यथोचित पहलकदमी लिन सम्बन्धित सरोकारवाला निकायहरूको ध्यानाकर्षण गराएको हो । 'नेपाल सरकार, गृह प्रशासनले विभिन्न क्षेत्रका प्रभावित तथा पीडित नागरिकको खोजी, उद्धार, राहत तथा पुनःस्थापनाका लागि गरेको पूर्वतयारी एवं पहल सराहनीय छ तर सबै प्रकोप प्रभावित स्थानमा सरकारी संयन्त्रको पहलकदमी अभाव हुन सक्नेतर्फ सचेत रहन सम्बन्धित सरोकारवाला निकायको ध्यानाकर्षण गराउन चाहन्छौं', विज्ञप्तिमा भनिएको छ । केही दिनदेखिको वर्षाका कारण बाढी पहिरोजस्ता प्राकृतिक प्रकोपले ठूलो जनधनको क्षति हुनाका साथै आमनागरिकले कष्टकर परिस्थिति सामना गर्न परिरहेको भन्दै रास्वपाले उद्धार, राहत र पुनःस्थापनाका कार्यमा जुट्न सबैमा आह्वान गरेको छ ।

## प्रतिपक्षको ...

राजनीतिलाई ख्याल गरेर पदमा रहन नहुने उनले बताए ।

एमाले सांसद पन्तले भने आफूले छाडेपछि संविधानको कुन धारा अनुसार सरकार बन्छ भन्ने चिन्ता नलिन प्रधानमन्त्री प्रचण्ड र माओवादी केन्द्रलाई सुझाए । 'अल्पमतमा परिसकेपछि २ मा जान्छ कि ३ मा जान्छ (संविधानको धारा ७६(२) कि ७६(३) ? यो राष्ट्रपतिज्यूको चिन्ताको विषय हो । प्रधानमन्त्रीको काम बहुमत नभइसकेपछि तत्काल राजीनामा गरेर बाटो फुकाउने हो', पन्तले भने ।

संविधानको धारा ७६ मा सरकार गठन सम्बन्धी व्यवस्था छ । ७६(१) मा एकल बहुमतको सरकार, ७६(२) मा दुई वा दुई भन्दा बढी दलको सरकार र ७६(३) मा सबैभन्दा ठूलो दलको संसदीय दलका नेताको नेतृत्वको सरकार गठन हुने व्यवस्था छ ।

७६(२) अनुसार गठन भएको प्रचण्ड नेतृत्वको सरकार राजनीतिक रुपमा अल्पमतमा परेको छ । २८ गते विश्वासको मत नपाए उनी स्वतः पदमुक्त हुनेछन् । तर त्यसपछि ७६(३) अनुसार संसद्को सबभन्दा ठूलो दलको नेताको हैसियतमा शेरबहादुर देउवा प्रधानमन्त्री बन्ने माओवादीको तर्क छ ।

माओवादी केन्द्रका सांसद माधव सापकोटाले संविधानको धारा ७६(३) मा लेखिएको व्यवस्था पढेर सुनाए ।जहाँ भनिएको छ, 'प्रतिनिधिसभाको निर्वाचनको अन्तिम परिणाम घोषणा भएको मितिले तीस दिनभित्र उपधारा (२) बमोजिम प्रधानमन्त्री नियुक्ति हुन सक्ने अवस्था नभएमा वा त्यसरी नियुक्त प्रधानमन्त्रीले उपधारा (४) बमोजिम विश्वासको मत प्राप्त गर्न नसकेमा राष्ट्रपतिले प्रतिनिधिसभामा सबैभन्दा बढी सदस्यहरू भएको दलको संसदीय दलको नेतालाई प्रधानमन्त्री नियुक्त गर्नेछ ।' यो व्यवस्था अनुसार ७६(२) को प्रधानमन्त्रीले विश्वासको मत पाउन नसके ७६(३) अनुसारको सरकार बन्न सक्ने सांसद सापकोटाको तर्क छ ।

## विपद्मा...

बाढी र पहिराले हालसम्म आठ करोड छ लाख बराबरको क्षति भएको प्राधिकरणले जनाएको छ । चट्याङ्बाट १९ जनाको मृत्यु र ३५ जना घाइते भएका छन् ।

प्राकृतिक विपद्का बेला सरकार सक्रिय हुन नसकेको भनेर संसदमा आलोचना भएको छ ।

आइतबार प्रतिनिधि सभाको बैठकमा सांसदहरुले देशभर अविरल वर्षाका कारण ठूलो जनधनको क्षति भएको भन्दै अविलम्व राहत र उद्दारमा ध्यान पुऱ्याउन सरकारको आग्रह गरे ।

विपद् व्यवस्थापनमा सरकारको काम प्रभावकारी हुन नसकेको बताए ।

सांसद शंकर भण्डारीले देशको ७७ वटै जिल्लामा हुने दुर्घटनालाई मध्यनजर गर्दै उद्दार कार्यलाई प्राथमिकतामा राख्न सरकारको ध्यानाकर्षण गरे ।

'वर्षा जारी भएकोले अब पनि क्षति हुने सम्भावना छ । म सरकारको गम्भीर ध्यानाकर्षण गराउन चाहन्छु, विपद् व्यवस्थापनको तयारी हुन सकेका छैनन् । त्यसकारण ७७ वटै जिल्लामा सम्भावित दुर्घटनालाई मध्यनजर राख्दै सरकारले उद्दारको कार्यलाई पहिलो प्राथमिकतामा राखेर नागरिकको जिउ, धनको रक्षा गर्ने काममा सरकारको गम्भीर भुमिका रहोस्' उनले भने ।

सांसद हितराज पाण्डेले बाढी, पहिरो पीडितलाई सुरक्षित आवास र राहत प्रदान गर्न सरकारको ध्यानाकर्षण गरे । उनले पूर्वतयारीको कामलाई व्यवस्थित गर्न माग गरे ।

'बाढी र पहिरोमा परि यातायातहरु अवरुद्ध भएका छन् । कृषि कार्यहरुमा अवरोध आएको छ । विभिन्न कामहरुमा अवरोध आइपरेर जनताले दुःख पाइरहेका छन् । जनतामा त्रास परिरहेको छ । बाढी पहिरो पीडितलाई सुरक्षित आवास र राहत प्रदान गर्न म सरकारको गम्भीर ध्यानाकर्षण गराउँदछु । पूर्वतयारीलाई व्यवस्थित गरेर जनताको दुःखमा मल्हम, पट्टी लगाउनको लागि लागिरहनका लागि म विशेष आग्रह गर्दछु' उनले भने ।

प्रतिनिधि सभा सदस्य डा.चन्दा कार्कीले विपद् प्रतिकार्य योजना बनाउने र अत्याधुनिक पूर्वचेतना प्रणाली स्थापना गर्न सरकारको ध्यानाकर्षण गरिन् । उनले उद्धार र राहतको काम तुरुन्तै चाल्न र दूरगामी योजना बनाउन बनाउन पनि सरकारसँग माग गरिन् ।

अर्का सांसद छिरिङल्हामु लामा तामाङले कर्णाली राजमार्ग अवरुद्ध हुँदा बिरामीहरुलाई असर पारेको भन्दै वैकल्पिक व्यवस्था गर्न सरकारसँग माग गरिन् ।

सांसद अब्दुल खानले विकासका कार्यहरु दैवीप्रकोपमैत्री नहुँदा समस्या परिरहेको भन्दै विकासका कामहरु दैवीप्रकोपमैत्री बनाउनुपर्ने बताए ।

'विकासका कार्य दैवीप्रकोपमैत्री नभएको कारणले गर्दा मानव जिवनमा अत्याधिक समस्या परेका हुन्छन् । विकासका कार्यहरु गर्दा कम्तीमा दैवीप्रकोपमैत्री बनाउनुपर्छ' उनले भने ।

अर्का सांसद राजेन्द्र बजगाईंले प्रधानमन्त्री सत्ता टिकाउने ध्यानमा लागेकाले दैवीप्रकोपको काममा ध्यान पुऱ्याउन नसकेको बताए ।

'प्रधानमन्त्री दबाबमा हुनुहुन्छ । सरकारले दैवी प्रकोपमा गर्नुपर्ने कामहरुमा त्यति ध्यान दिन सकिरहेको छैन । सक्नेपनि छैन । यो सरकार कतै टिकिहाल्छ कि भन्ने ध्यानमा उहाँ केन्द्रित हुनुहुन्छ ।'

## सर्बियामा...

सर्बिया पुऱ्याएपछि उनीहरूलाई आकर्षक तलब सुविधाको रोजगारी नदिइ त्यसभन्दा राम्रो ठाउँ इजिप्ट पठाउने भन्दै सर्बियाको जंगलमा पुऱ्याएर बन्धक बनाइ फिरौतीबापत लाखौं रकम तिर्न बाध्य पारिएको उनीहरुको भनाइ छ । रोमानियामा रहेका सपनाका पति नरेश राजवंशी पनि एफएस वर्कर एजेन्सीको समन्वयमा रहेको बताइएको छ । रोमानियामा बस्ने एक नेपाली एजेन्टमार्फत तस्करसम्म रकम पुऱ्याउने गरिएको पीडितका परिवारले बताए पनि त्यस कार्यमा नरेश संलग्न रहे-नरहेको स्पष्ट नभएको उनीहरूले बताएका छन् ।

बन्धक बनाइएका नेपालीले आफूहरूलाई जंगलमा हातखुट्टा बाँधेर राखेको र रकम नबुझाए गोली हानेर मार्ने धम्की दिएको भिडियो कलमार्फत परिवारसँग बिलौना सुनाउने गरेका थिए । नेपालीलाई बन्धक बजाउने समूहको हिन्दी, अरबी र पाकिस्तानी भाषामा कुराकानी हुने गरेको बताइएको छ ।

सर्बिया उडाउने एफएसका सञ्चालक खनालले आफूले वैधानिकरूपमा सर्बिया पठाएको भन्दै आफ्नो कुनै दोष नरहेको बताएर उम्कने प्रयास गरेकाले यसबारेमा वैदेशिक रोजगार विभागले पनि चासो राख्नुपर्ने पीडित परिवारले माग गरेका छन् ।

तीन वर्षअघि खुला गरिएको सर्बियामा केही नेपाली गएका छन् । नेपाली कामदारका लागि उक्त मुलुक आकर्षक देखिएको भन्दै केही म्यानपावर कम्पनी र मानव तस्करहरूले सर्बियालाई चर्को रकम असुल्ने माध्यम बनाएको बताइएको छ ।


## SAUDI मा वैदेशिक रोजगारको अवसर

कम्पनी : WHITE SOLUTIONS CONTRACTING CO. शहर: RIYADH

पूर्व स्वीकृत मिति : २०८१/०३/२३ चलानी नं.: ६०२२१९६८ L.T. No.: 307211

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading & unloading Labor | 1 | 0 | स. काममा दक्ष | 1000 | ३५,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ असार ३१ गते (15 July 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**युनाईटेड प्लेसमेन्ट एण्ड इम्प्लोईमेण्ट सर्भिस प्रा. लि.**
पो.ब.नं. ८९७५, इपिसी १८२१, गोंगबु, काठमाडौं, नेपाल, फोनः ४३८३९१३
E-mail: info@upesoverseas.com, upesoverseas@vianet.com.np
श्रम इजाजत नं. ४४/०४९/०५०



## शे-फोक्सुण्डो गाउँपालिका

ཤེལ་ཕུ་སུམ་མདོ་གྲོང་སྡེ་སྲིད་ཁྲབ་ལྷན་ཁང་།

## गाउँ कार्यपालिकाको कार्यालय

साल्दाङ, डोल्पा, कर्णाली प्रदेश, नेपाल

### आर्थिक प्रस्ताव स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०८१/०३/२४**

यस कार्यालयबाट मिति २०८१।०२।०६ गते प्रथम पटक प्रकाशित बोलपत्र आह्वान सम्बन्धी सूचना बमोजिम रित पुऱ्याइ निर्धारित समयभित्र दर्ता हुन आएका प्राविधिक बोलपत्रहरूको मूल्याङ्कन गर्दा पेश हुन आएका सबै बोलपत्रहरू प्राविधिक रुपमा योग्य भई आर्थिक प्रस्ताव खोल्ने सम्बन्धीको आशयको सूचना प्रकाशन भएकोमा म्यादभित्र कुनै पनि उजुरी नआएको र निजहरूको आर्थिक प्रस्ताव मूल्यांकन हुँदा तपसिलको बोलपत्र न्यूनतम मूल्याङ्कित एवं सारभूत रुपमा प्रभावग्राही भइ मूल्याङ्कन समितिबाट स्वीकृतिका लागि सिफारिस भइ आएकोले सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा २ र ३ बमोजिम ऐ.ऐनको दफा ४७ को प्रयोजनार्थ ७ (सात) दिने बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबै सरोकारवालाको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

| क्र.सं. | बोलपत्र/ठेक्का/प्याकेज नं. | आयोजनाको विवरण | छनोट भएको बोलपत्रदाताको नाम र ठेगाना | कबोल अंक (मु.अ.क.सहित) |
|---|---|---|---|---|
| 1 | SPRM/NCB/DOLPA/WORKS/080-081-14 | Construction of Pugmo Health Post Building (Ward NO.9) | JV Name: BORGNE85832020 Jagadulla Rural Municipality 6 Jhyankot Dolpa | Rs. 15176593.32 |

**प्रमुख प्रशासकीय अधिकृत**

मध्यान्ह
www.madhyanhadaily.com


# एकीकृत समाजवादीका प्रदेश इन्चार्जलाई सदस्यको खाका तयार गर्ने जिम्मा

**लेखनाथ सिकारु/मध्यान्ह**
काठमाडौं, २३ असार



नेकपा एकीकृत समाजवादीले प्रदेश इन्चार्जलाई केन्द्रीय कमिटी सदस्यको खाका तयार गर्नका लागि जिम्मेवारी प्रदान गर्ने निर्णय गरेको छ । आइतबार बसेको केन्द्रीय कमिटीको बैठकले जिम्मेवारीअन्तर्गत केही दिनभित्र केन्द्रीय सदस्यहरूको ड्राफ्ट तयार भएपछि केन्द्रसँग परामर्श गर्ने र अन्तिम निर्णय गर्ने अधिकार केन्द्रीय कमिटीलाई नै रहने गरी निर्णय गरेको नेता जगन्नाथ खतिवडाले जानकारी दिए ।

बैठकले पूर्णता दिनका लागि प्रदेशका यसभन्दा पहिला इन्चार्ज भएकाहरूलाई यथावत् गरेको उनले बताए । 'प्रदेशका इन्चार्ज र सचिवहरूसहितको केन्द्रीय कमिटीमा भएका सदस्यहरूसहित परामर्शमा प्रदेश र जिल्लाबाट क्लस्टर मिलाइ आवश्यक व्यवस्था गर्नका लागि र केन्द्रीय सदस्यमा मनोनयन गर्ने ड्राफ्ट तयार गर्न जिम्मेवारी प्रदान गरिएको छ,' खतिवडाले भने, 'जिम्मेवारीअन्तर्गत केही दिनभित्र उहाँहरूले आफ्नो काम सम्पन्न गर्नुहुनेछ, केन्द्रसँग परामर्श गर्नुहुनेछ । अन्तिम निर्णय गर्ने अधिकार केन्द्रीय कमिटीलाई नै रहनेछ । बढीमा १० दिनभित्रमा काम सम्पन्न गरी कमिटीलाई पूर्णता प्रदान गर्नेछौं भन्ने निर्णय भएको छ ।'

# प्रज्ञा प्रतिष्ठानले अनुसन्धानमूलक कृति प्रकाशन गर्दै



**काठमाडौं/मस**–नेपाल प्रज्ञा प्रतिष्ठानका कुलपति भूपाल राईले प्रतिष्ठानलाई अनुसन्धानमा केन्द्रित गरिने बताएका छन् । प्रतिष्ठानको ४१औँ प्राज्ञसभामा उहाँले अनुसन्धानमूलक उत्कृष्ट कृतिलाई प्रकाशन गरिने बताए । 'सभाले परम्परा धान्नेभन्दा फरक विषयमा छलफल गरी कार्यान्वयनमा लैजाने निर्णय गर्नुपर्छ । आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमका साथै बजेटका विषय विस्तृत छलफल गर्नु आवश्यक छ । प्रतिष्ठानलाई नयाँ ढंगले निर्देशित गर्ने विषयमा सभामा विशेष रुपमा छलफल गरिन्छ', कुलपति राईले भने ।

भाषा आयोगका अध्यक्ष डा.गोपाल ठाकुरले प्रतिष्ठानले विगतका कामको मूल्यांकन गरी योजना बनाउनुपर्नेमा जोड दिए । उनले आयोगले भोजपुरी भाषामा शब्दकोश र व्याकरण बनाउन लागेको भन्दै यसमा प्रतिष्ठानको सहयोग आवश्यक पर्ने बताए ।

वरिष्ठ आख्यानकार डा.ध्रुवचन्द्र गौतमले प्रतिष्ठानले कस्ता पुस्तक छाप्ने भन्ने प्रष्ट व्यवस्था नहुँदा समस्या भइरहेको भन्दै यसको समीक्षा गरेर प्रष्ट व्यवस्था गरिनुपर्नेमा जोड दिए । 'कस्ता पुस्तक छाप्ने भन्ने प्रतिष्ठानले स्पष्ट मापदण्ड बनाउनुपर्ने पर्छ । सबै विधाका बौद्धिक पुस्तक प्रतिष्ठानले छाप्नुपर्ने प्रावधान भए सहज हुन्छ' उनले भने ।

संस्कृति, पर्यटन तथा नागरिक उड्ययन मन्त्रालय, संस्कृति महाशाखा प्रमुख डा.सुरेशसुरश श्रेष्ठले मुलुकका प्राज्ञको सभाले आगामी वर्ष गरिने कार्यक्रम छनोट गरी बजेट पारित गर्ने जानकारी दिए ।

नेपाल संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव कुष्मा महराले प्रतिष्ठान सबैको हुनुपर्नेमा जोड दिइन् । 'सबै भाषा, सबै ज्ञान, सबैको प्रज्ञा प्रतिष्ठान' भन्ने नारालाई यथार्थ रुपमा कार्यान्वयन गरिनुपर्ने उनको भनाइ छ ।

प्रतिष्ठानका उपकुलपति विमल निभा र सदस्य सचिव डा.धनप्रसाद सुवेदीलगायतले प्राज्ञसभाले गर्ने निर्णयका बारेमा जानकारी दिएका थिए ।

# दियालो बंगला दरबार सर्वसाधारणका लागि खुला



**चितवन/मस**-भरतपुर भ्रमण वर्ष २०२४ को सन्दर्भमा ऐतिहासिक दियालो बंगला दरबार आइतबारदेखि सर्वसाधारणको लागि खुला गरिएको छ ।

एक कार्यक्रमकाबीच नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक पर्यटनमन्त्री हितबहादुर तमाङले रिबन काटेर सर्वसाधारणको लागि खुला गरे ।

विस २०१९ निर्माण भएको यो दरबार नेपाल ट्रष्ट र भरतपुर महानगरको पहलमा सर्वसाधारणको लागि अवलोकन गर्ने व्यवस्था मिलाइएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्दै पर्यटनमन्त्री तमाङले भरतपुर भ्रमण वर्ष २०२४ सफल बनाउन दियालो बंगलाले महत्वपूर्ण सहयोग पुऱ्याउने बताए ।

चितवन जिल्ला जैविक, धार्मिक र अध्यात्मिक दृष्टिकोणका अग्रणी रहेको र अब दियालो बंगला सर्वसाधारणका लागि खुला गरेसँगै ऐतिहासिक सम्पदा रहेको स्थानको रुपमा परिचय बनाउन सफल भएको उनको भनाइ थियो । मन्त्री तमाङले पूर्व राजाहरुले पूर्व पश्चिम र राज्यको सबै ठाउँमा शासन सत्ता चलाउनको लागि उपयोग गरेको अहिले जनतालाई अध्ययन तथा अवलोकनका लागि खुला गर्ने कार्य महत्वपूर्ण रहेको उल्लेख गरे ।

देशको मध्य भागमा रहेकोले दियालो बंगला खुला गरेपछि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकको लागि महत्वपूर्ण गन्तव्य बन्ने मन्त्री तामाङले विश्वास व्यक्त गरे । यस्तै महानगरपालिका प्रमुख रेनु दाहालले भरतपुर भ्रमण वर्ष २०२४ को सन्दर्भमा लिएका दियालो बंगला सर्वसाधारणका लागि खुला गरेसँगै पुरा भएको बताइन् । भ्रमण वर्षको अवसरमा वन्यजन्तु उद्धार केन्द्रलाई ओपन जुको रुपमा सञ्चालनमा ल्याइएको र भारतीय पर्यटकलाई सहज आवगमनको लागि ठोरी छोटी भन्सार सञ्चालनमा ल्याइएको उनको भनाइ थियो । अब पर्यटकीय गन्तव्यहरु क्रमशः थप गर्दै लैजाने नीति महानगरले लिएको प्रमुख दाहालले बताइन् ।

नेपाल ट्रष्टका सदस्य सचिव सुनिता गौतमले राजाहरुको विलासी जीवनशैली दरबार घुमेपछि बुझ्न सकिने उल्लेख गरिन् । भरतपुर वडा नम्बर १ मा अवस्थित यो दरबारमा राजा महेन्द्रको निधन भएकाले ऐतिहासिक मानिएको छ । ट्रष्टको स्वामित्वमा रहेको दियालो बंगला तत्कालीन राजा महेन्द्रले निर्माण गरेका थिए । राजा महेन्द्रको यही दरबारमा निधन मृत्यु पनि भएको थियो । राजा महेन्द्रले करिब दुई वर्ष बंगलाको प्रयोग गरेको बताइन्छ । विशेष गरी हिउँदमा चिसो छल्न राजा र राजपरिवारका सदस्य दियालो बंगला बसाइँ सर्थे। त्यसैले यो बंगलालाई शीतकालीन दरबार पनि भन्ने गरिन्छ । राजपरिवारका सदस्यले बसोबास गर्ने र राजा महेन्द्रको निधन यहीँ बंगलामा भएकाले पनि चासोको विषय बन्दै आएको छ । दियालो बंगला क्षेत्र ५२ बिघाको छ । बंगला क्षेत्रसँगै जोडिएको राजमार्ग पारी थप पाँच बिघा जमिन छ ।

# आमाको हत्या गरेको आरोपमा छोरा पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ असार



आमाको हत्या गरी फरार रहेका एक पुरुषलाई रौतहट प्रहरीले पक्राउ गरेको छ । राजदेवी नगरपालिका वडा नं. १ पथरा टोलका मनोज साहले ६९ वर्षीया आमा राधा देवी साहको हत्या गरेको आरोप छ । दुई दाजुभाइबीच अंश विवादका कारण मनोजले गत जेठ ५ गते आमा राधा देवीलाई सिलौटोको लोहोरोले टाउको प्रहार गरी हत्या गरेका थिए ।

आमाको हत्यापछि फरार रहेका उनलाई जिल्ला प्रहरी कार्यालय रौतहटले खोजीको सूचीमा राखेको थियो । परिवारजन तथा आफन्तको सहयोगमा प्रहरीले फरार प्रतिवादी साहसँग सम्पर्क गरेपछि उनी आइतबार जिल्ला प्रहरी कार्यालयमा आएर हाजिर भएको जिल्ला प्रहरी कार्यालयका उपरीक्षक दिलिप घिमिरेले जानकारी दिए । उनलाई कर्तव्य ज्यान सम्बन्धी कसुर मुद्दामा कानूनी प्रक्रिया अगाडी बढाइएको उपरिक्षक घिमिरेले बताए ।

## १ लाख घुससहित कारागार प्रशासक पक्राउ

**काठमाडौं/मस**–नवलपरासी पश्चिममा कारागारका शाखा अधिकृत १ लाख घुससहित पक्राउ परेका छन् । कारागार कार्यालय नवलपरासी पश्चिममा कार्यरत कारागार प्रशासक विनोदकुमार दत्तलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रीय कार्यालय टंगालको टोलीले पक्राउ गरेको हो ।

दत्तले कारागारमा काम गरेवापत पाउने सेवा सुविधा दिन सहजीकरण गरिदिने भन्दै घुस लिएको पाइएको अख्तियारका प्रवक्ता नरहरि घिमिरेले जानकारी दिए । उनलाई कारागार प्रशासकको निवासबाट आइतबार पक्राउ गरिएको हो । अख्तियारका प्रवक्ता घिमिरेका अनुसार शाखा अधिकृत दत्तको साथबाट स्रोत नखुलेको अरु ५० हजार रुपैयाँ पनि बरामद गरिएको छ ।

# 'शंका' र 'तातेताते'माथि परिचर्चा

**पवन जायसवाल/मध्यान्ह**
बाँके, २३ असार




बाँकेको खजुरामा कल्पना फाउण्डेसन नेपाल साहित्य विभागको आयोजनामा कृतिकारद्वय कथाकार चरित्रा शाहको 'तातेताते' र बोधराज प्याकुरेलद्वारा प्रकाशित कृति 'शंका' कृति माथि परिचर्चा गरिएको छ। 'कल्पना फाउण्डेसनको पहिचान, साहित्य र समाज सेवा हाम्रो पहिचान' मूल नाराका साथ आयोजित कार्यक्रममा खजुरा गाउँपालिकाका प्रमुख डम्वर वि.क तुफानले पानसमा दीप प्रज्वलन गरी कार्यक्रमको उद्घाटन गरेका थिए।

उद्घाटन गर्दै प्रमुख अतिथि वि.कले कृति प्रकाशित गरेको प्रति दुवै जनालाई धन्यवाद दिएका थिए। उनले अन्य कृति प्रकाशन गर्न र खजुराको अलग पहिचान बनाउन आग्रह गरे । कल्पना फाउण्डेसन नेपाल साहित्य विभागका प्रमुख लेक प्रसाद प्याकुरेलको अध्यक्षतामा भएको कार्यक्रममा बोधराज प्याकुरेलद्वारा प्रकाशित लघुकथा 'शंका' कृतिमाथि छविलाल खड्काले समीक्षा गरेका थिए भने कथाकार चरित्रा शाहको 'तातेताते' कृतिमाथि पुस्कर रिजालले समीक्षा गरेका थिए। बोधराज प्याकुरेलद्वारा प्रकाशित कृति लघुकथा शंका, कथाकार चरित्रा शाहको तातेताते कृतिमाथि नविन अभिलाषीले परिचर्चा गरेका थिए ।

उक्त कार्यक्रममा प्रमुख अतिथि खजुरा गाउँपालिकाका प्रमुख डम्बर वि.क तुफानलाई कल्पना फाउण्डेसन नेपाल साहित्य विभागका प्रमुख लेक प्रसाद प्याकुरेल, अध्यक्ष कल्पना पौडेल जिज्ञासु, खजुरा गाउँपालिकाकी निर्वतमान उप-प्रमुख एक माया वि.कले मायाको चिनो प्रदान गरेका थिए। समीक्षकद्वय छविलाल खडका, पुस्कर रिजाल र परिचर्चाकार नविन अभिलाषीलाई प्रमुख अतिथि डम्बर वि.क तुफान, कल्पना फाउण्डेसन नेपाल साहित्य विभागका प्रमुख लेक प्रसाद प्याकुरेल, अध्यक्ष कल्पना पौडेल जिज्ञासु, खजुरा गाउँपालिकाकी निर्वतमान उप-प्रमुख एक माया विकले मायाको चिनो प्रदान गरेका थिए ।

कल्पना फाउण्डेसन नेपालकी सदस्य गीता अर्यालद्वारा सञ्चालित कार्यक्रममा स्वागत मन्तव्य इन्दिरा गौतमले राखेकी थिइन् । कार्यक्रममा बिशिष्ट अतिथि बर्दघाट प्रज्ञा प्रतिष्ठानका कुलपति प्रा.डा. घनश्याम परिश्रमी, लुम्बिनी प्राविधिक विश्वविद्यालय सेवा आयोगका सदस्य प्रा.डा. कृष्ण प्रसाद घिमिरे, वरिष्ठ साहित्यकार सनत कुमार रेग्मी लगायतको सक्रिय सहभागिता रहेको थियो । कार्यक्रममा भेरी साहित्य समाज केन्द्रीय समितिका निर्वतमान अध्यक्ष हरि प्रसाद तिमिल्सिना, अध्यक्ष इन्द्र बहादुर बस्नेत, ज्ञानोदय माध्यमिक विद्यालय खजुराका प्रधानाध्यापक ऋषिराम सापकोटा, साहित्यकार तथा अधिवक्ता भीम बहादुर शाही, धिरेन अनुपम, लक्ष्मी बस्याल, पुष्पमणी प्रधान, अवधी साहित्यकार बिष्णुलाल कुमाल, मणी अर्याल, मधइ सिंह सरदार, कृष्णा देवी पाण्डेय, पंकज श्रेष्ठ, यज्ञलाल सुवेदी, खजुरा प्रज्ञा प्रतिष्ठानका सदस्य माधव शर्मा, ईश्वरी प्रसाद रिजाल, रुपन्देहीका रमेश समर्थन, रविन शर्मा, खिमलाल बराल, मन्दिरा निरौला, खेमराज शर्मा, मीना बराल, आनन्द गिरी मयाललगायतको उपस्थिति रहेको थियो ।

# चौध किलो चाँदीका गहनासहित तीन पक्राउ



**काठमाडौं/मस**-नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले १४ दशमलव २५० किलो चाँदीको गरगहनासहित तीन जनालाई पक्राउ गरेको छ ।

चाँदीका अवैध गरगहना भण्डारण र बिक्री वितरणमा संलग्न भारतीय नागरिक २२ वर्षीय अमनकुमार, २६ वर्षीय बिकीकुमार साह तथा पर्साको लिपर्नीबिर्ता-६ का ३४ वर्षीय श्रवणप्रसाद कानुनलाई पक्राउ गरिएको सिआइबीका प्रहरी उपरीक्षक होबिन्द्र बोगटीले जानकारी दिए ।

ललितपुरबाट काठमाडौंतर्फ आउँदै गरेको सो भारतीय नम्बरको कारमा अवैध रुपमा चाँदीको गरगहना ल्याई अवैध रुपमा काठमाडौंका विभिन्न स्थानमा बिक्री वितरण गर्न लागेको भन्ने सूचनाका आधारमा सिआइबीले यही असार २१ गते उनीहरुलाई पक्राउ गरेको थियो ।

प्रहरीले काठमाडौंको सानो गौचरनस्थित अटो सर्भिसेज प्रालिको अटो वर्कशपभित्र रोकी राखेको अवस्थामा भारतीय नम्बरको बिआर ०६ यु ९०५३ नम्बरको कार चेक गर्दा उक्त कारको डिकीमा लुकाईछिपाई राखेको अवस्थामा सो परिणामको चाँदीको गरगहना बरामद गरेको थियो ।

सिआइबीले अवैध चाँदीका गहना र सोको भण्डारण र बिक्रीवितरणमा संलग्नलाई आवश्यक कारबाहीका लागि राजस्व अनुसन्धान विभागमा पठाएको छ ।


## Vacancy Announcement

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Documentation - 2 (Male/ Female)
Opration manager - 2 (Male/ Female)

Attractive salary & extra benefit provided

**Requirements:**
★Should be knowledge about Dofe & mofa
★Manpower field work experienced prefer.

Interested candidates with experienced in the related field may apply their application with covering letter, updated CV and recent photograph at info@sugamoverseas.com.np

सुगम ओभरसिज प्रा. लि.
इजाजत पत्र नं. ८३८/०६६/०६७
सामाखुसी (रिङरोड), काठमाडौं Email : info@sugamoverseas.com.np, hr.sugamovs20@gmail.com Mobile : 9813492755,98 9851009946

## Cyprus मा रोजगारको अवसर

कम्पनी:- Medeon International Placement Agency Ltd., Cyprus, Kofinou, Larnaca

पूर्व स्वीकृती मितिः–२०७९।८।२१ चलानी नं. ६०१९२९११ LT.No. 277294 पून: विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलव Euro | मासिक तलव ने.रु | हप्तामा कामगर्ने दिन | दिनमा कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Bartender | 1 | काममा दक्ष | 700 | १,००,९६८।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/ नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | हुने रोजगारदाता कम्पनीले | निःशुल्क | निःशुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १,५००।- | रु.४०,०००।- |

अन्तर्वार्ता २०८१ असार ३१ गते (15 July, 2024) मेनपावर कार्यालय बालकुमारीमा हुनेछ।

बैदेशिक रोजगार विभागवाट गराईएको जानकारी :- १) आफ्नो नाममा भिषा प्राप्त भई जाने निश्चित भएपछिमात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भर्पाई अनिवार्य रुपमा लिनु होला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानु अघि अभिमुखीकरण वा इण्डक्सन तालीम अनिवार्य लिनु होला । ५) विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी,पाउने सेवा, सुविधा र अन्य शर्त बारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला । सो को १ प्रति आफूसंग राख्नु होला । ६) काममा बिदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला । अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग,बुद्धनगरमा सम्पर्क राख्नु होला ।

Apps Services Pvt.Ltd.
Govt. Lice. No.: 1172/073/074
Balkumari 8, Lalitpur Tel: +00977-01-5186018, 5186030
website: appsgroup.net, Email:- infoapps1172@gmail.com

## राहदानी हरायो

मिति २०८१/०१/२१ गतेका दिन बनस्थलीदेखि माछापोखरी नेपालटार जाने क्रममा तारकेश्वर न.पा. शेषमती बस्ने सर्बियाको भिसा लागेको निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने व्यक्तिले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : सन्तोष सुर्खेती
राहदानी नं. : PA0986619
ठेगाना : पञ्चकन्या-५, नुवाकोट
सम्पर्क नं. : ९८४९६०६९४४

## राहदानी हरायो

मिति २०८१/०१/२१ गतेका दिन बनस्थलीदेखि माछापोखरी नेपालटार जाने क्रममा तारकेश्वर न.पा. शेषमती बस्ने सर्बियाको भिसा लागेको निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने व्यक्तिले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : कुमार श्रिस
राहदानी नं. : PA2015284
ठेगाना : वदिघाट-४, बाग्लुङ
सम्पर्क नं. : ९७६६५३३७८५

## राहदानी हरायो

मिति २०८१/०१/२१ गतेका दिन बनस्थलीदेखि माछापोखरी नेपालटार जाने क्रममा तारकेश्वर न.पा. शेषमती बस्ने सर्बियाको भिसा लागेको निम्न व्यहोरा भएको राहदानी हराएको हुदाँ पाउनुहुने व्यक्तिले मेरो निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन अनुरोध गर्दछु ।

नाम : महेश बस्नेत
राहदानी नं. : 10907037
ठेगाना : महालक्ष्मी-१, धनकुटा
सम्पर्क नं. : ९८१७३५८३६७


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७८/०४/०७ मा दर्ता भएको **किलान केमिकल इन्डस्ट्री (प्रा.लि. नं. २६५१६०)** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिनभित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । तोकिएको म्यादभित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd. Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com

२४ असार २०८१, सोमबार
8 July 2024, Monday

## सम्पादकीय

# हिँड्नुपर्ने राजनीतिक कोर्स

सरकार परिवर्तन हुने निश्चित भएपछि उपप्रधान एवं गृहमन्त्री रवि लामिछाने सहित चार मन्त्री राजीनामा बुझाउन प्रधानमन्त्रीको सरकारी निवास बालुवाटार गएका थिए । तर राजीनामा पत्र बोकेर बालुवाटार पुगेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का मन्त्रीहरू फेरि मन्त्रालयमै फर्किए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग भेटेपछि रास्वपाबाट सरकारमा रहेका चारै जना मन्त्री मन्त्रालय फर्किएका थिए । मन्त्रालय फर्किएपछि रास्वपाका सभापति समेत रहेका लामिछाने सहित चारै जनाले नियमित काम गरिरहेका छन् । सार्वजनिक बक्तव्य सहित मन्त्री लामिछानेले बाढी, पहिरो तथा डुबानमा परेकाहरूलाई उद्धार कार्यमा सक्रियता देखाएका छन् । उद्धार कार्यमा खटिएको संयन्त्रलाई प्रोत्साहित गर्नेगरी सार्वजनिक अभिव्यक्ति दिइरूहेका छन् । अरू मन्त्रीहरूले पनि नियमित काम गरिरहेका छन् । मुलुकमा उत्पन्न बिपद्बाट नागरिकको जीवन रक्षाका निम्ति मन्त्रीहरूले गरिरहेको प्रयत्न प्रशंसनीय नै छ ।

तर सँगै नेपाली कांग्रेस र नेकपा एमालेले गरिरहेको तर्क पनि उत्तिकै महत्वपूर्ण छ । संसद्को पहिलो र दोस्रो दल मिलेर नयाँ सरकार बनाउने सहमति गरिसकेकाले प्रधानमन्त्री प्रचण्डले पद लम्ब्याउनेतिर लाग्न उचित होइन । किनकि यो सरकारले दीर्घकालीन महत्वको निर्णय गरे आउनेवाला सरकारले उल्ट्याउने परम्परा नै छ । प्रदेश प्रमुख, राजदूत सिफारिस देखि ठूला नियुक्तिहरू समेत उल्ट्याउने सरकारले दीर्घकालीन महत्वका अरू निर्णय नउल्ट्याउने भन्ने सवाल नै हुन्न । त्यसैले बहुमत गुमाइसकेको सरकारले दीर्घकालीन महत्वको निर्णय नगरकै राम्रो हुन्छ । लोकतान्त्रिक मान्यताका हिसाबले पनि जानेवाला सरकारले ठूलो निर्णय गर्न हुन्न ।

यसको अर्थ वर्तमान सरकारले कामचलाऊ निर्णयहरू मात्र गर्न सक्छन्, र त्यस्ता निर्णय मात्र कार्यान्वयन संभव छ । पक्कैपनि अहिलेको समय सरकार परिवर्तन गरिरहने होइन । बाढी, पहिरो र डुवानले ठूलो संख्यामा नागरिकले ज्यान गुमाइरहेका छन् भने भौतिक संरचनामा नोक्सानी भइरहेको छ । त्यस्तो बेला सरकार फेर्ने, मन्त्री फेर्ने जस्ता कार्यमा अल्मलिन उचित होइन । तर कांग्रेस र एमाले जस्तो जिम्मेवार दलहरूले यसतर्फ ध्यान नदिइ केपी शर्मा ओलीको नेतृत्वमा अर्को सरकार बनाउने निर्णय गरेका छन् । ओली आउने निर्णयले राज्य सत्ताको ध्यान बालकोटतिर केन्द्रीत देखिन्छ । तर यस्तो दृष्यबीच प्रधानमन्त्रीले राजीनामा गर्नुका साटो राजीनामा बोकेर आउने मन्त्रीहरूलाई समेत रोक्नुले राम्रो सन्देश जादैन । सकेसम्म छिटो मार्ग प्रशस्त गर्ने बातावरण बनाइनुपर्छ ।

# जनकपुरधामको वैभव फर्काउने सवाल

अग्रलेख



● ललितकुमार यादव

जनकपुरधामको गौरवशाली इतिहासलाई वर्तमानमा कसरी परिणत गर्न सकिएला ? जनकपुरधामवासीका लागि यति बेला मुख्य चिन्ताको विषय यही हो । ऐतिहासिक तथा पौराणिक कालको कुरा गर्ने हो भने जनकपुरधाम हरेक क्षेत्रमा दक्षिण एसियाकै अग्रणी सहर थियो । आजभन्दा २५-३० वर्ष अघिकै कुरा गर्दा पनि नेपालका पाँच वटा ठुला तथा सुविधा सम्पन्न सहरहरूको सूचीमा जनकपुरधामको नाम थियो । काठमाडौं र विराटनगरपछि तेस्रो नम्बरमा जनकपुरधाम थियो ।

वि.सं. २०१७ सालमा जनकपुर नगरपालिकाको घोषणा हुँदा भरतपुरको नाम निशान थिएन । इटहरी भन्ने ठाउँमा बस्ती नै थिएन । पोखरासमेत सानो गाउँ थियो । वीरगन्ज भर्खर सहरीकरण हुँदै थियो । तर, अहिले अरू सहर कहाँ पुगे ? तर, जनकपुरधामको थप पछाडि पर्‍यो । जनकपुरधाम पछाडि गर्नुको कारण खोजेर समस्या समाधानतिर लागिएन भने जनकपुरधामवासीका लागि विगतको गौरवमय इतिहासमा गर्व गर्नु बाहेकको विकल्प रहँदैन । तर, अल्पकालीन, मध्यकालीन र दीर्घकालीन गुरुयोजना बनाएर काम गर्न सकिएमा जनकपुरधामलाई सुन्दर, स्वच्छ र समृद्ध महानगर बनाउन सकिन्छ ।

### संक्षिप्त परिचय

जनकपुरधाम मधेस प्रदेशको प्रादेशिक राजधानी, धनुषा जिल्लाको जिल्ला सदरमुकाम र नेपालको एक उपमहानगरपालिका हो । धनुषा जिल्लाको पहिलो नगरपालिका हो । यो नगरको नामकरण प्राचीन मिथिला क्षेत्रका राजर्षि राजा तथा नेपालको राष्ट्रिय विभूति जनकको नामबाट भएको हो । यो सहर प्रारम्भिक १८औं शताब्दीमा स्थापित भएको थियो ।

परम्पराअनुसार, कथाकारले यस क्षेत्रमा पहिले जनकपुरधाम भनेर चिनिने सहर रहेको संकेत गर्दछ । जुन पुरातन समयमा मिथिला क्षेत्रमा शासन गर्ने विदेह वंशको राजधानी थियो । जनकपुरधाम राजर्षि जनकको पूण्यभूमि र माता जानकीको पवित्र जन्मस्थलको रूपमा देश विदेशमा परिचित छ ।

जनकपुरधाम नेपालको सङ्घीय राजधानी काठमाडौँबाट करिब २२५ किलोमिटर (१४० माइल) दक्षिण पूर्वमा अवस्थित छ । नेपाल राज्य नगरपालिका ऐन २००९ बमोजिम तत्कालीन श्री ५ को सरकारद्वारा वि.सं. २०१७ जेठ १३ गतेदेखि लागु हुने गरी जनकपुर नगरपालिकाको गठन गरिएको थियो । वि.सं. २०७१ सालबाट यस नगरपालिकाको नाम जनकपुरधाम कायम रही उप-महानगरपालिकामा परिणत भएको हो । समुद्री सतहबाट ९० मिटर उचाइमा यो सहर अवस्थित छ । यस उपमहानगरपालिकाको क्षेत्रफल ९१.९७ वर्ग कि.मि. रहनुका साथै भू-सतह प्रायः सबै समतल रहेको छ । भौतिक पूर्वाधारका आधारमा जनकपुरधामलाई सहर, सहरोन्मुख र गाउँ गरी तीन प्रकृतिको क्षेत्रमा वर्गीकरण गर्न सकिन्छ ।


### शिक्षा

प्राचीन कालदेखि नै शिक्षाको लागि जनकपुरधाम उर्वर भूमि मानिन्छ । व्यास, पाणिनी, अष्टावक्रलगायतका ऋषि र प्रसिद्ध कवि विद्यापतिको ज्ञान भूमिको रूपमा जनकपुर परिचित छ । राजर्षि जनकले विभिन्न ऋषिसँग जिज्ञासुका रूपमा शास्त्रार्थ गर्ने क्रममा जनकपुरधाममा जे-जति ज्ञान प्राप्त गरे, त्यसलाई जनक दर्शन भनिन्छ । प्राचीनकालदेखि नै ज्ञान विज्ञान, धर्म दर्शन र कला संस्कृतिका क्षेत्रमा जनकपुरधाम प्रसिद्ध स्थल हो । विश्वका विभिन्न ठाउँका मानिस जनकपुरधाममा शिक्षा आर्जन गर्न आउँथे ।

जनकपुरधाममा प्रशस्तै सरकारी तथा निजी विद्यालयहरू छन् । उच्च शिक्षाको लागि पुरानो सरकारी क्याम्पस राम स्वरूप राम सागर बहुमुखी क्याम्पस तथा राजर्षि जनक विश्वविद्यालय छ । तर, शिक्षामा बढ्दो व्यापारिकरणले जनकपुरधामको शिक्षाको स्तर खस्किएको तथा शैक्षिक वातावरणमा नकारात्मक असर परेको छ । जनकपुरधामलाई शैक्षिक केन्द्रको रूपमा विकास गर्न मूलतः गुणस्तरीय, सर्वसुलभ र जीवनोपयोगी शिक्षा दिने तर्फ उपमहानगरले काम अगाडी बढाउनु पर्ने देखिन्छ । सार्वजनिक शिक्षाको गुणस्तरमा सुधार, सरकारी शिक्षालयको भौतिक संरचनाको स्तरोन्नति सँगसँगै शैक्षिक सामाग्रीको व्यवस्थापन, आईसिटीमा आधारित शिक्षामा जोड दिनुपर्छ । शिक्षकहरूको क्षमता विकासका लागि समय समयमा शैक्षिक तालिम र भ्रमणको व्यवस्था मिलाउन सकिन्छ ।

### स्वास्थ्य

स्थानीय सरकारले स्वास्थ्य क्षेत्रलाई विशेष महत्वका साथ हेर्नुपर्छ । आफ्ना हरेक नगरवासीले सर्वसुलभ, गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गरेका छन् की छैनन्, भन्ने कुराको ख्याल गर्नुपर्छ । जनकपुरधाममा प्रादेशिक अस्पताल, प्रादेशिक प्रयोगशाला र सरकारी आँखा अस्पताल रहेकै भरमा बस्नु हुँदैन । हरेक नागरिकले सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा पाएको अवस्थाको सिर्जना गर्न सक्नुपर्छ । बढ्दो जनसंख्याको चापलाई ध्यानमा राखेर हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरूको स्तरोन्नति सँगसँगै सेवाको विस्तार पनि गर्दै जानुपर्छ । हरेक नागरिकको स्वास्थ्य बिमा गरी सहजरूपमा स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने स्वास्थ नीति बनाउन अत्यावश्यक छ । भविष्यमा जनकपुरधाममा बढ्न सक्ने जनसङ्ख्यालाई धान्न सक्ने गरी अहिलेदेखि नै स्वास्थ्य सेवा र संरचनाको विस्तार र विकास गर्दै जानुपर्छ ।



*जनकपुर नगरपालिकाको घोषणा हुँदा भरतपुरको नाम निशान थिएन । इटहरी भन्ने ठाउँमा बस्ती नै थिएन । पोखरासमेत सानो गाउँ थियो । वीरगन्ज भर्खर सहरीकरण हुँदै थियो । तर, अहिले अरू सहर कहाँ पुगे ? तर, जनकपुरधाम थप पछाडि पर्‍यो । जनकपुरधाम पछाडि गर्नुको कारण खोजेर समस्या समाधानतिर लागिएन भने जनकपुरधामवासीका लागि विगतको गौरवमय इतिहासमा गर्व गर्नु बाहेकको विकल्प रहँदैन ।*

### यातायात

जनकपुरधामलाई देशका प्रमुख सहरहरूसँग जोडने काम जनकपुर-ढल्केवर ६ लेनको सडक ढल्केवरमा पूर्व-पश्चिम राजमार्गसँग जोडिएर पुरा गरेको छ । भारतीय नाकासँग जोडने काम जनकपुर-जटही सडक, जनकपुर-विर्तामोड सडक र नेपाल रेल्वे लगायतले गरेको छ । हुलाकी राजमार्गले समेत जनकपुरधामलाई छोएको छ । उपमहानगरभित्र सामान्य आवतजावतको लागी विद्युतीय रिक्सा उपलब्ध छ । यहाँ रहेको आन्तरिक विमानस्थलले जनकपुरधामलाई हवाई सेवासँग जोडेको छ ।

उपमहानगरभित्र आवतजावतलाई अझ सहज बनाउन नगर बस र टेक्सी सञ्चालनमा ल्याउन सकिन्छ । प्रदेश र सङ्घीय सरकारसँगको सहकार्यमा जनकपुरधामको हवाई सेवाको विकास तथा विस्तार गर्न सकिन्छ ।जनकपुरधामलाई नेपालका प्रमुख सहरहरूसँगै भारतको बनारस र अयोध्यासँग हवाई सेवा मार्फत सिधै जोड्न सकिन्छ । रेल्वे सेवाको विस्तारले जनकपुरधामको आवतजावतलाई झन् सहज बनाउँछ । बढ्दो बस, मिनी बस, माइक्रो लगायतका सवारी साधनलाई व्यवस्थित पार्क गर्ने गरी आधुनिक र सफा बसपार्क उपमहानगरमा छैन । यसलाई मध्यनजर गरेर मुख्य बसपार्क एउटा र अन्य केही सुविधा सम्पन्न बसपार्क जनकपुरधाममा निर्माण गर्न अत्यावश्यक छ ।

### प्रविधिमैत्री

अहिलेको आधुनिक युगमा प्रविधिमैत्री हुन अत्यावश्यक भैसकेको छ । नागरवासीलाई प्रविधिकै माध्यमबाट सेवा र सूचना प्रदान गर्न उपमहानगरलाई सक्षम बन्नु पर्छ । यसका लागि डिजिटल जनकपुरधाम बनाउनु बनाउनु पर्नहुन्छ । जनकपुरधामको आफ्नै सर्भर सिस्टम डेभलप गर्ने, सोही सर्भर सिस्टमको प्रयोग गरेर उपमहानगरका सम्पूर्ण सेवाहरू नागरवासीलाई प्रदान गर्ने, स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेखीकरणलाई डिजिटल बनाउने र त्यसकै आधारमा योजना बनाउने र कार्यान्वयन गर्ने लगायतका काम गर्नु पर्नहुन्छ । तर व्यक्तिगत गोपनीयताको ख्याल गर्नुपर्छ । यसमा कुनै कमजोरीको गुन्जाइस हुनु हुँदैन ।

सुशासनको लागि पारदर्शिता आवश्यक पर्छ । पारदर्शी हुन प्रविधिको प्रयोग बाहेक अर्को उपयुक्त विकल्प छैन । प्रविधिको प्रयोग गरेर सहज तरिकाले सेवा र सूचना प्रदान गर्ने संरचना तथा प्रणालीको विकास गरी उपमहानगरको काम कारबाहीलाई पारदर्शी बनाउन सकिन्छ । नगरमा सुशासन कायम गर्न सकिन्छ । सेवाग्राही घण्टौं लाइनमा बसेर सेवा लिने, समयमा सही सूचना नपाउने, भनेको बेला अभिलेख नभेटिने लगायतका समस्याको समाधान डिजिटल जनकपुरधाम नै हो ।

### आकर्षण र सौन्दर्यीकरण

जनकपुरधामको केन्द्रीय बजार भव्य जानकी मन्दिरले सुसज्जित छ । यो नेपालकै ठुलो मन्दिरमध्येको एक हो । जनकपुरधामको अर्को विशेषता यहाँ रहेका पोखरी तथा कुण्डहरू र कुटीहरू हुन् । बावन कुटी बहत्तर कुण्डको सहर भनेर जनकपुरधामलाई चिनिन्छ । यहाँ पाइलै पिच्छै रहेका मठमन्दिर र कुण्डले जनकपुरधामको आकर्षण बढाएको छ । यति धेरै आकर्षण भए पनि जनकपुरधामको सौन्दर्यीकरण अत्यावश्यक रहेको छ । जनकपुरधाममा रहेका मन्दिरहरूलाई सौन्दर्यीकरण गरी विश्वभरिका पर्यटकको ध्यान तान्न सकिन्छ । यहाँका पोखरीहरूलाई पानी पर्यटनको रूपमा विकास गर्न सकिन्छ । पोखरीका डिलहरूमा फूल र वृक्षा रोपन गरी हरित नगरीको रूपमा जनकपुरधामको विकास गर्न सकिन्छ । अन्य खालि ठाउँमा समेत व्यवस्थित पार्कको निर्माण गरी जनकपुरधामको वातावरणलाई स्वच्छ र सफा बनाउन सकिन्छ ।

नगरभित्र ठाउँ-ठाउँमा खालि ठाउँको व्यवस्था, अव्यवस्थित तारको भूमिगत व्यवस्थापन, फुटपाथ, ठेला र साइकलमा सञ्चालित अव्यवस्थित व्यापारको व्यवस्थापन, हाटबजारको व्यवस्थापन लगायतका कार्य गरी जनकपुरधामको बजार र सडक व्यवस्थापन गर्न सकिन्छ । सार्वजनिक स्थलहरूको भित्तामा मिथिला चित्रकला बनाउन लगाई सहरको सौन्दर्यीकरणका साथै मिथिला चित्रकलाको प्रचार प्रसार गर्न सकिन्छ । यहाँका ऐतिहासिक तथा पौराणिक सम्पदाको संरक्षण सम्वर्द्धन गरी जनकपुरधामलाई उत्कृष्ट पर्यटकीय एवम् धार्मिक गन्तव्यको रूपमा विकास गर्न सकिन्छ ।

